श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३९ सालको ऐन नं. १४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### छापाखाना र प्रकाशनसम्बन्धी नेपाल कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना : नेपालको सुरक्षा, शान्ति र व्यवस्था, विभिन्न वर्ग वा क्षेत्रको जनताका बीच सुसम्बन्ध र सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न र शाही प्रेस आयोगको प्रतिवेदनका आधारमा छापाखाना र प्रकाशन सम्बन्धमा समयानुकूल, बढी स्पष्ट र प्रभावकारी रूपमा व्यवस्थित गर्नको लागि छापाखाना र प्रकाशनसम्बन्धी नेपाल कानूनलाई संशोधन र एकीकरण गर्न आवश्यक भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "छापाखाना" भन्नाले किताब, समाचारपत्र, समाचारपत्रिका वा लिखतपत्रलाई धेरै प्रतिहरू निकाल्ने साधन सम्झनुपर्छ । यस शब्दले छाप्ने मेशीन, टाइप, लिथो गर्ने मेशीन, सबै कलहरू, ज्यावल, कार्यालय त्यसको हिस्साहरू समेतलाई जनाउँछ ।

(ख) "प्रकाशन" भन्नाले किताब, समाचारपत्र, समाचारपत्रिका, अन्य पत्रपत्रिका र लिखतपत्रलाई समेत सम्झनुपर्छ ।

(ग) "किताब" भन्नाले समग्र वा खण्ड खण्ड रूपमा छापिएको वा यन्त्रद्वारा निकालिएको वा लिथो भएको प्रत्येक पुस्तक, पुस्तिका, पर्चा, विवरणपत्र, स्वरलिपि, नक्शा मानचित्र इत्यादिलाई जनाउँछ ।

(घ) "समाचारपत्र" भन्नाले सम्पूर्ण वा अधिक अंशमा सरकार, राजनीति, सार्वजनिक विषय तथा अन्य समसामयिक विषयको क्षेत्रमा टिप्पणी भएको वा नभएको वर्तमान घटनाहरूको लिखित समाचारको प्राथमिक सूत्रको काम दिने सार्वजनिक रूपमा वितरण वा बिक्री हुने पत्र सम्झनुपर्छ ।

(ङ) "समाचारपत्रिका" भन्नाले सार्वजनिक खबर वा त्यसको टिप्पणी तथा विश्लेषण भएको तर समाचारपत्रमा नगनिने समाचारसम्बन्धी कागजपत्र सम्झनुपर्छ ।

(च) "अन्य पत्रपत्रिका" भन्नाले समाचारपत्रिकामा नगनिने अन्य पत्रपत्रिकालाई सम्झनुपर्छ ।

(छ) "लिखतपत्र" भन्नाले पोष्टर, चित्र, नक्शा, फोटो वा अरू कुनै प्रत्यक्ष चित्रण समेतलाई जनाउँछ ।

(ज) "पत्रपत्रिका" भन्नाले समाचारपत्र, समाचारपत्रिका र अन्य पत्रपत्रिका समेतलाई जनाउँछ ।

(झ) "प्रतिबन्धित प्रकाशन" भन्नाले दफा १३ को उप-दफा (१) बमोजिम छपाउन वा प्रकाशित गर्न नहुने कुरा समावेश भएको प्रकाशन सम्झनुपर्छ ।

(ञ) "निषेधित प्रकाशन" भन्नाले दफा १४ र १५ बमोजिम निषेध गरिएको प्रकाशन सम्झनुपर्छ ।

(ट) "मुद्रक" भन्नाले छापाखानाधनी आफैंले सञ्चालन गरेको भए निज वा छापाखाना सञ्चालनको लागि नियुक्त भएको व्यक्ति सम्झनुपर्छ ।

४०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) "स्थानीय पदाधिकारी" भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको कुनै पदाधिकारी र त्यसरी नतोकिएकोमा अञ्चलाधीश सम्झनुपर्छ ।

(ड) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन अन्तर्गतको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

## परिच्छेद–२

## छापाखानासम्बन्धी व्यवस्था

३. छापाखाना दर्ता गर्ने : (१) छापाखाना सञ्चालन गर्न चाहने व्यक्तिले छापाखाना राख्न चाहेको ठाउँको ठेगानासमेतको सबै विवरण दुरूस्त खुलाई तोकिएको ढाँचामा स्थानीय पदाधिकारीकहाँ दरखास्त दिनु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम दरखास्त परेपछि त्यस्तो व्यक्तिबाट तोकिएको ढाँचाबमोजिमको शर्तनामा पेश भएपछि स्थानीय पदाधिकारीले छापाखाना सञ्चालन गर्न औद्योगिक व्यवसायसम्बन्धी प्रचलित कानूनबमोजिम लाग्ने दस्तूर लिई प्रमाणपत्र दिनेछ ।

(३) उप-दफा (२) बमोजिम प्रमाणपत्र दिइएको छापाखानाहरूको संक्षिप्त तथा स्पष्ट व्यहोरा उल्लेख गरी दर्ता किताबमा दर्ता गरी राखिनेछ ।

(४) उप-दफा (१) बमोजिम दिइएको विवरणमा कुनै अदल बदल भएमा त्यस्तो प्रत्येक अदल बदल भएको कुरा छापाखानाधनीले स्थानीय पदाधिकारीकहाँ तुरून्तै सूचना गर्नु पर्नेछ र त्यस्तो सूचना प्राप्त भएमा स्थानीय पदाधिकारीले पनि उप-दफा (३) बमोजिम खडा गरिएको दर्ता किताबको सम्बन्धित पानामा त्यस्तो अदल बदलको समय र विवरणसमेत उल्लेख गरी जनाई राख्नेछ ।

## परिच्छेद–३

## किताबसम्बन्धी व्यवस्था

४. किताब दर्ता गर्ने : (१) नेपाल अधिराज्यभित्र छापिएको वा लिथो भएका प्रत्येक किताब र सो साथमा कुनै नक्शा वा चित्र संलग्न रहने भएमा सोसमेत संलग्न राखी अरू प्रकाशित हुने अत्युत्तम प्रति सरह कागज भएको, मुद्रण गरिएको, रङ्गाइएको र तयार पारिएको रूपमा छापाखानाबाट निस्की वितरण हुनुअघि सो किताबको प्रकाशक वा लेखक वा सम्पादकसंग जे जस्तो शर्त भएको भए पनि मुद्रकले दुइ प्रति बिना मूल्यमा स्थानीय पदाधिकारीकहाँ बुझाई त्यसको भरपाई लिई राख्नु पर्नेछ। प्रकाशकले पनि सो कुरा समयमा नै उपलब्ध गराई दिनु पर्नेछ। छापाखानाबाट निस्केको वर्ष दिनभित्रमा श्री ५ को सरकारलाई अर्को प्रति आवश्यक परेमा मुद्रकले त्यस्तो किताबको माग भएबमोजिम एक वा दुइ प्रति बिना मूल्यमा महीनादिनभित्र श्री ५ को सरकारमा बुझाउनु पर्नेछ ।

४५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिम प्राप्त भएको किताबहरूको लगत राख्न एउटा दर्ता किताब राखिनेछ र त्यस्तो दर्ता किताबमा प्राप्त भएको सबै किताबहरूको देहायका कुराहरू उल्लेख गरी स्थानीय पदाधिकारीले दुरूस्त गरी राख्नेछः–

(क) किताबको नाम र मुखपृष्ठमा छापिएको व्यहोरा (नेपाली भाषामा नभए उल्था गरी नेपाली भाषामा राख्ने),

(ख) किताब लेखिएको भाषा,

(ग) किताब वा त्यसको भागको लेखक, अनुवादक वा सम्पादकको नाम,

(घ) किताबको विषय,

(ङ) मुद्रण गरिएको र प्रकाशन गरिएको स्थान,

(च) मुद्रक वा मुद्रण गर्ने संस्था र प्रकाशकको वा प्रकाशन गर्ने संस्थाको नाम,

(छ) छापाखानाबाट निकालिएको वा प्रकाशन गरिएको मिति,

(ज) पृष्ठ संख्या,

(झ) आकार,

(ञ) संस्करण संख्या,

(ट) सो संस्करणमा निकालिएको प्रति,

(ठ) छापिएको वा लिथो भएको,

(ड) बिक्री मूल्य,

(ढ) प्रतिलिपि अधिकार पाउने व्यक्तिको नाम र ठेगाना ।

५. किताबमा उल्लेख गर्नु पर्ने : प्रत्येक किताबको प्रकाशक, सम्पादक वा लेखक वा अनुवादक, मुद्रक, छापाखाना र प्रतिलिपि अधिकार पाउने व्यक्तिसमेत सबैको पूरा नाम, संस्करणको संख्या र सो संस्करणमा छापिएको प्रति तथा बिक्री मूल्य तोकिएबमोजिम स्पष्ट बुझिने गरी छापिएको हुनु पर्नेछ ।

## परिच्छेद–४

## पत्रपत्रिकासम्बन्धी व्यवस्था

६. पत्रपत्रिका दर्ता गर्ने : (१) नेपाल अधिराज्यभित्र कुनै पत्रपत्रिका छापी प्रकाशित गर्न चाहने प्रकाशकले त्यस्तो पत्रपत्रिका प्रकाशित हुने ठाउँको ठेगाना र सम्पादक तथा मुद्रकको नाम ठेगाना समेतको सबै विवरण दुरूस्त खुलाई तोकिएको दस्तूरसहित तोकिएको ढाँचामा स्थानीय पदाधिकारीकहाँ दरखास्त दिनु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम दरखास्त परेपछि त्यस्ता प्रकाशकबाट तोकिएको ढाँचाबमोजिमको शर्तनामा पेश भएपछि स्थानीय पदाधिकारीले प्रमाणपत्र दिनेछ ।

४११

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-दफा (२) बमोजिम प्रमाणपत्र दिइएको पत्रपत्रिकाको संक्षिप्त तथा स्पष्ट व्यहोरा उल्लेख गरी छुट्टा छुट्टै दर्ता किताबमा दर्ता गरी राखिनेछ ।

(४) उप-दफा (१) बमोजिम दिइएको विवरणमा कुनै अदल बदल भएमा त्यस्तो प्रत्येक अदल बदल भएको कुरा पत्रपत्रिकाको प्रकाशकले स्थानीय पदाधिकारीकहाँ तुरुन्त सूचना गर्नु पर्नेछ र त्यस्तो सूचना प्राप्त भएमा स्थानीय पदाधिकारीले पनि उप-दफा (३) बमोजिम खडा गरिएको दर्ता किताबको सम्बन्धित पानामा त्यस्तो अदल बदलको समय र विवरणसमेत उल्लेख गरी जनाई राखिनेछ ।

७. प्रकाशक नेपाली नागरिक हुनु पर्ने : नेपाल अधिराज्यभित्र मुद्रित हुने वा प्रकाशित हुने समाचारपत्र वा समाचारपत्रिकाको प्रकाशक नेपाली नागरिक हुनु अनिवार्य हुनेछ ।

८. समाचारपत्र तथा समाचारपत्रिकाको आकार, पृष्ठ संख्या र प्रति संख्या नघटाई प्रकाशित गर्नु पर्ने : समाचारपत्र तथा समाचारपत्रिकाको प्रकाशकले समाचारपत्र तथा समाचारपत्रिकाको प्रत्येक संस्करण तोकिएबमोजिमको आकार तथा पृष्ठ संख्यामा छापी तोकिएबमोजिमको प्रतिमा नघटाई प्रकाशित गर्नु पर्नेछ ।

९. पत्रपत्रिका दाखिल गर्ने : नेपाल अधिराज्यभित्र मुद्रित हुने वा प्रकाशित हुने पत्रपत्रिकाको प्रकाशकले छाप्ने बित्तिकै छापिएको पत्रपत्रिकाको दुइ प्रति बिना मूल्यमा स्थानीय पदाधिकारीकहाँ बुझाउनु पर्नेछ ।

१०. पत्रपत्रिकामा उल्लेख गर्नु पर्ने : पत्रपत्रिकाको प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम तोकिएबमोजिम स्पष्ट बुझिने गरी छापिएको हुन पर्नेछ ।

११. काम छाडेको सूचना दिनु पर्ने : पत्रपत्रिकाको कुनै प्रकाशक वा छापाखानाधनी वा मुद्रक वा सम्पादकले आफूले गर्ने गरेको काम गर्न छाडेमा त्यसको लिखित सूचना स्थानीय पदाधिकारीलाई दिनु पर्नेछ ।

१२. नगरेको कामबापत नाम प्रकाशित भएमा : कुनै व्यक्तिको नाम, सम्पादक, प्रकाशक वा मुद्रक भनी कुनै किताब वा पत्रपत्रिकामा प्रकाशित भएको रहेछ र सो काम निजले नगरेको भए त्यस्तो कुरा प्रकाशित भएको थाहा पाएको मितिले पैंतीस दिनभित्र स्थानीय पदाधिकारीकहाँ जुन व्यहोराबाट आफ्नो नाम छापिन गएको छ सो कुरालाई खण्डन गरी सूचना दिनु पर्नेछ । त्यस्तो सूचना प्राप्त भएपछि बुझ्नु पर्ने कुरा बुझी निजले सो काम नगरेको भन्ने स्थानीय पदाधिकारीले ठहराएमा सो मुताविकको प्रमाणपत्र दिनु पर्नेछ ।

४१२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–५

## प्रकाशनसम्बन्धी आचरण र दण्ड व्यवस्था

१३. प्रकाशनमा प्रतिबन्ध : (१) देहायको उद्देश्यले वा त्यस्तो सम्भावित परिणाम हुन सक्ने गरी कसैले प्रत्यक्ष वा घुमाउरो तरीकाले देहायको कुरा हुने आशङ्काको कुनै कुराको प्रकाशन छपाउन वा प्रकाशित गर्न प्रतिबन्ध लगाइएको छः–

(क) श्री ५ महाराजाधिराज वा राजपरिवारप्रति घृणा वा निरादर गराउने वा अवहेलना वा द्वेष बढाउने वा श्री ५ को प्रतिष्ठामा आँच आउने,

(ख) राष्ट्रको अखण्डतामा र सार्वभौमसत्तामा आँच आउने,

(ग) नेपालको संविधानमा अन्तर्निहित मूलभूत सिद्धान्तको विपरीत हुने,

(घ) नेपालको संविधानले निषेध गरेको दलगत राजनीति वा त्यस्तो भावनालाई प्रोत्साहन वा वृद्धि गर्ने वा फैलाउने ।

(२) उप-दफा (१) बमोजिम प्रतिबन्ध लगाइएको कुनै प्रकाशन कसैले छपाएको वा प्रकाशित गरेको वा प्रकाशन गर्न लागेको थाहा भई जाँचबुझ गर्दा प्रमाणित हुन आएमा श्री ५ को सरकारले त्यस्तो प्रकाशनको सबै प्रति जहाँ फेला परे पनि जफत गर्न र सम्बन्धित व्यक्तिलाई अवस्था अनुसार नसिहत दिन वा पाँच हजार रूपैयाँसम्म जरीवाना गर्न वा निजले दफा ६ बमोजिम पाएको प्रमाण-पत्र रद्द गर्न सक्नेछ ।

(३) उप-दफा (२) बमोजिम सजाय पाएको व्यक्तिले उप-दफा (१) बमोजिम प्रतिबन्ध लगाइएको प्रकाशन पुनः छपाएमा वा प्रकाशित गरेमा श्री ५ को सरकारले त्यस्ता प्रकाशकलाई दश हजार रूपैयाँसम्म जरीवाना गर्न वा निजले दफा ६ बमोजिम पाएको प्रमाणपत्र रद्द गर्न सक्नेछ ।

१४. प्रकाशनमा निषेध : (१) प्रचलित कानूनबमोजिमको अपराध गराउने उद्देश्यले वा सम्भावित परिणाम सो हुन सक्ने गरी कसैले प्रत्यक्ष वा घुमाउरो तरीकाले कुनै कुराको प्रकाशन छपाउन वा प्रकाशित गर्न हुँदैन ।

(२) उप-दफा (१) ले निषेध गरेको कुनै प्रकाशन कसैले छपाएमा वा छपाउन लगाएको वा प्रकाशित गरेमा वा प्रकाशन गर्न लागेको थाहा भई जाँचबुझ गर्दा प्रमाणित हुन आएमा स्थानीय पदाधिकारीले त्यस्तो प्रकाशनको सबै प्रति जहाँ फेला परे पनि जफत गर्नेछ र सम्बन्धित व्यक्तिलाई अन्य प्रचलित कानूनबमोजिम सजाय हुनेछ ।

१५. प्रकाशन निषेध गर्न सक्ने : (१) राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास विषय, घटना वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा पाठ्य सामग्री सूचनामा तोकिएको अवधिसम्म प्रकाशित गर्न नपाउने गरी निषेध गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिमको आदेश उल्लङ्घन गर्ने सम्पादक वा प्रकाशकलाई श्री ५ को सरकारले पाँच हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

१६. छाप्न नहुने कुरा छापेमा : (१) कुनै छापाखानाधनीले प्रतिबन्धित वा निषेधित प्रकाशन जानी जानी छापेको रहेछ भने निजलाई श्री ५ को सरकारले दफा १३ वा १५ अनुसार नसिहत दिन वा जरीवाना गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम कुनै छापाखानाधनी दफा १३ वा १५ बमोजिम दोस्रो पटक पनि सजायको भागी हुन गएमा त्यस्तो छापाखानाधनीलाई प्रत्येक पटक अघिल्लो सजायमा पच्चीस प्रतिशतका दरले थप सजाय हुनेछ ।

तर पहिलो पटक नसिहत मात्र पाएको रहेछ भने दोस्रो पटक त्यस्तो छापाखानाधनीलाई दफा १३ वा १५ बमोजिम जरीवाना हुनेछ ।

१७. अनधिकृत तवरले प्रकाशन प्रकाशित गरेमा : (१) कसैले दफा ६ अनुसार प्रमाणपत्र नलिइकन कुनै प्रकाशन प्रकाशित गरेमा निजलाई स्थानीय पदाधिकारीको आदेशले छ हजार रूपैयाँसम्म जरीवाना वा छ महीनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

(२) उपदफा (१) उल्लङ्घन गरी छापेको वा प्रकाशित गरेको सबै प्रकाशन र कागजातसमेत जफत हुनेछ ।

१८. प्रमाणपत्र नलिई छापाखाना सञ्चालन गरेमा : कसैले दफा ३ अनुसार प्रमाणपत्र नलिइकन छापाखाना सञ्चालन गरेमा निजलाई स्थानीय पदाधिकारीको आदेशले तीन हजार रूपैयाँसम्म जरीवाना वा तीन महीनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

१९. खानतलासी गर्ने अख्तियार : दफा १३, १४, १५ वा १७ बमोजिम कुनै प्रकाशनउपर कारवाही हुने भएमा स्थानीय पदाधिकारीले तल्लो दर्जामा नायब निरीक्षकसम्मको प्रहरी अधिकृत खटाई त्यस्तो प्रकाशन रहेको वा रहन सक्छ भन्ने मनासिब माफिकको शङ्का भएको ठाउँमा पसी खानतलासीको पूर्जी देखाई खानतलासी गर्न अख्तियार दिन सक्नेछ ।

२०. प्रतिबन्धित प्रकाशन र निषेधित प्रकाशन बुझाउनु पर्ने : (१) श्री ५ को सरकारले प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशनको लगत नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रकाशन साथमा हुने व्यक्तिले त्यस्तो सूचना प्रकाशित भएको मितिले पैंतीस दिनभित्र स्थानीय पदाधिकारीसमक्ष बुझाउनु पर्नेछ ।

४९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र आफूसंग भएको प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन नबुझाउने व्यक्तिलाई स्थानीय पदाधिकारीको आदेशले तीन हजार रूपैयाँसम्म जरीवाना वा तीन महीनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

२१. प्रतिबन्धित प्रकाशन र निषेधित प्रकाशन जफत गरी नष्ट गर्ने अख्तियारः (१) कुनै प्रहरी वा त्यस काममा श्री ५ को सरकारबाट अधिकार पाएको जोसुकै व्यक्तिले पनि प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशनलाई जहाँ फेला परे पनि जफत गर्न सक्नेछ ।

(२) कुनै ठाउँमा प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन छ वा होला भन्ने मनासिब माफिकको शङ्का भएमा स्थानीय पदाधिकारीले तल्लो दर्जामा नायब निरीक्षकसम्मको प्रहरी अधिकृतलाई लिखित आदेशद्वारा अधिकार दिई सो ठाउँमा पाइएको प्रकाशनहरू प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन हो भन्ने लागेमा जफत गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जफत भई आएका सबै कागजपत्रहरू जफत गर्ने व्यक्तिले आदेश जारी गर्ने स्थानीय पदाधिकारीकहाँ यथाशीघ्र दाखिल गर्नु पर्नेछ ।

(४) स्थानीय पदाधिकारीले सो कागजपत्रमध्ये कुनै प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन ठहराएमा सो कागजपत्रलाई नष्ट गर्न सक्नेछ । प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन नठहराएमा सो कागजपत्र जसको हो उसैलाई फिर्ता दिइनेछ । त्यस्तो प्रकाशनको धनी पत्ता नलागेमा सो कागजपत्रको विवरण खोली सर्वसाधारणको जानकारीको लागि सूचना प्रकाशित गरिनेछ ।

२२. प्रतिबन्धित प्रकाशन र निषेधित प्रकाशन निकासी पैठारी गर्न नहुने : (१) कसैले पनि प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी वा पैठारी गर्नु हुँदैन ।

(२) प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी वा पैठारी हुन लागेको शङ्का लागेमा भन्सार वा हुलाकको हाकिमले त्यस्तो माल वस्तुसमेत रोकी खोली शङ्का लागेको प्रकाशनको दुइ प्रति स्थानीय पदाधिकारीकहाँ चलानीसाथ पठाई बाँकी आफूकहाँ रोकी राख्नु पर्नेछ ।

२३. प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन ल्याउने र पठाउनेलाई सजाय : जल, थल वा हवाईमार्गबाट जानी जानी प्रतिबन्धित वा निषेधित प्रकाशन ल्याउने, लैजाने, पठाउने वा झिकाउने व्यक्तिलाई स्थानीय पदाधिकारीको आदेशले छ हजार रूपैयाँसम्म जरीवाना वा छ महीनासम्म कैद वा दुबै सजाय हुन सक्नेछ ।

२४. प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन जानी जानी बिक्री वितरण वा प्रदर्शन गर्नेलाई सजाय : कसैले प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन जानी जानी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिक्री वितरण वा प्रदर्शन गरेमा निजलाई स्थानीय पदाधिकारीको आदेशले छ हजार रूपैयाँसम्म जरीवाना वा छ महीनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

२५. बिना स्वीकृति विदेशी सहायता लिन नहुने: (१) श्री ५ को सरकारको स्वीकृति-बेगर पत्रपत्रिकाको सम्पादक वा प्रकाशकले विदेशी सरकार, सङ्घ, संस्था वा नागरिक वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट कुनै प्रकारको सहायता लिन वा विज्ञापन वा प्रचार सामग्री छाप्न हुँदैन ।

(२) उपदफा (१) उल्लङ्घन गर्ने व्यक्तिलाई स्थानीय पदाधिकारीको आदेशले छ हजार रूपैयाँसम्म जरीवाना वा छ महीनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

२६. मुद्रकलाई थाहा नदिई प्रतिबन्धित वा निषेधित प्रकाशन प्रकाशित गरेमा : कसैले मुद्रकलाई थाहा नदिई कुनै प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन प्रकाशित गरेको ठहर्न आएमा त्यस्तो प्रकाशन प्रकाशित गर्ने व्यक्तिलाई पटकै पिच्छे स्थानीय पदाधिकारीको आदेशले तीन हजार रूपैयाँसम्म जरीवाना वा तीन महीनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

२७. झुट्ठा विवरण दिएमा : दफा ३ र ६ अनुसार दिइएको विवरणमा कसैले जानी जानी झुट्ठा विवरण दिएको ठहरे निजलाई स्थानीय पदाधिकारीको आदेशले तीन हजार रूपैयाँसम्म जरीवाना वा तीन महीनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

२८. किताब नबुझाएमा : कसैले दफा ४ अनुसार बुझाउनु पर्ने किताब नबुझाएमा निजलाई स्थानीय पदाधिकारीले तीस दिनभित्र बुझाउन ल्याउनु भनी म्याद तोकी आदेश दिनेछ । सो म्यादभित्र नबुझाएमा त्यस्तो प्रत्येक आदेश उल्लङ्घन गरेबापत पचास रूपैयाँ जरीवाना हुन सक्नेछ ।

२९. पत्रपत्रिका दाखिल नगरेमा : कसैले दफा ६ अनुसार दाखिल गर्नु पर्ने पत्रपत्रिका दाखिल नगरेमा निजलाई स्थानीय पदाधिकारीले तीस दिनभित्र बुझाउन ल्याउनु भनी म्याद तोकी आदेश दिनेछ । सो म्यादभित्र नबुझाएमा त्यस्तो प्रत्येक आदेश उल्लङ्घन गरेबापत पचास रूपैयाँ जरीवाना हुन सक्नेछ ।

३०. उल्लेख गर्नु पर्ने कुरा उल्लेख नगरेमा : कुनै मुद्रक वा प्रकाशकले दफा ५ र १० अनुसार पत्रपत्रिका वा किताबमा उल्लेख गर्नु पर्ने कुरा उल्लेख नगरेमा त्यस्ता मुद्रक वा प्रकाशकलाई स्थानीय पदाधिकारीको आदेशले तीन हजार रूपैयाँसम्म जरीवाना वा तीन महीनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

३१. आदेश तामेल गर्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन अनुसार दिइएको आदेश बमोजिमको सूचना सम्बन्धित व्यक्तिका नाउँमा श्री ५ को सरकार वा स्थानीय पदाधिकारी वा एक स्थानीय पदाधिकारीको ईलाकाबाट अर्को स्थानीय पदाधिकारीको ईलाकामा तामेल गर्दा श्री ५ को सरकार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा स्थानीय पदाधिकारीले उपयुक्त ठहऱ्याएको तरीका अपनाई लिखित सूचना तामेल गर्नु पर्नेछ । सोबमोजिम तामेल हुन सकेन भने तामेल गर्न जाने अधिकृतले छापाखानाधनीको हकमा निजले दफा ३ बमोजिम दिएको विवरणमा उल्लेख भएबमोजिम छापाखाना रहेको ठाउँको सबैले देख्ने प्रमुख भागमा र प्रकाशकको हकमा निजले दफा ६ बमोजिम दिएको विवरणमा जुन ठाउँबाट सो प्रकाशन प्रकाशित हुने भनी लेखिदिएको छ सो ठाउँको सबैले देख्ने प्रमुख भागमा टाँसिएको सूचना कानूनबमोजिम तामेल भएको मानिनेछ ।

३२. पुनरावेदन : यो ऐन अन्तर्गत श्री ५ को सरकारबाट वा स्थानीय पदाधिकारीबाट भएको आदेशमा चित्त नबुझ्ने सम्बन्धित पक्षले पैंतीस दिनभित्र क्षेत्रीय अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद–६

## प्रेस काउन्सिलसम्बन्धी व्यवस्था

३३. प्रेस काउन्सिलको गठन : (१) श्री ५ को सरकारले देहायबमोजिम अध्यक्ष तथा सदस्यहरू भएको प्रेस काउन्सिलको गठन गर्नेछ:–

(क) श्री ५ को सरकारबाट मनोनीत सर्वोच्च अदालतको बहालवाला वा अवकाश प्राप्त न्यायाधीश वा त्यस्तो न्यायाधीश हुन योग्यता भएको व्यक्ति– अध्यक्ष

(ख) राष्ट्रिय पञ्चायतको सदस्यहरूमध्येबाट श्री ५ को सरकारबाट मनोनीत एकजना– सदस्य

(ग) गोरखापत्र र राईजिङ्ग नेपालका सम्पादकहरूमध्ये श्री ५ को सरकारबाट मनोनीत एकजना– सदस्य

(घ) राष्ट्रिय समाचार समितिका महाप्रबन्धक– सदस्य

(ङ) नेपाल पत्रकार सङ्घका सभापति– सदस्य

(च) निजी क्षेत्रका पत्रपत्रिकाका प्रकाशकहरूमध्येबाट श्री ५ को सरकारबाट मनोनीत एकजना– सदस्य

(छ) निजी क्षेत्रका पत्रपत्रिकाका सम्पादकहरूमध्येबाट नेपाल पत्रकार सङ्घको सिफारिशमा श्री ५ को सरकारबाट मनोनीत दुइजना– सदस्य

(ज) श्रमजीवी पत्रकारहरूमध्येबाट श्री ५ को सरकारबाट मनोनीत दुइजना – सदस्य

(झ) सूचना विभागको निर्देशक– सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको प्रेस काउन्सिलको अध्यक्ष तथा मनोनीत सदस्यहरूको कार्यावधि दुइ वर्षको हुनेछ ।

४१० १९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) प्रेस काउन्सिलको अध्यक्षले श्री ५ को सरकारको समक्ष र अन्य सदस्यले अध्यक्षको समक्ष राजीनामा पेश गरी प्रेस काउन्सिलको सदस्यता परित्याग गर्न सक्नेछ। त्यसरी पदत्याग गरी वा अरू कुनै तरहले रिक्त हुन आएको पदको पूर्ति सो पदमा नियुक्त हुन अपनाइने कार्यविधिद्वारा सो पदको बाँकी अवधिको लागि मात्र हुनेछ।

(४) प्रेस काउन्सिलको अध्यक्ष वा सदस्य-सचिवको अनुपस्थितिमा श्री ५ को सरकारले प्रेस काउन्सिलको सदस्यहरूमध्येबाट कुनै सदस्यलाई अध्यक्ष वा सदस्य-सचिव भै काम गर्न तोक्न सक्नेछ।

(५) उपदफा (१) बमोजिम कुनै सदस्यको नियुक्ति वा मनोनयन नभएको कारणले वा कुनै सदस्यको सदस्यता रिक्त हुन आएको कारणले वा कुनै सदस्य प्रेस काउन्सिलको बैठकमा भाग लिन असमर्थ भएको वा भाग नलिएको कारणले मात्र प्रेस काउन्सिलको गठन र काम कारवाईमा कुनै त्रुटि भएको मानिनेछैन।

(६) प्रेस काउन्सिलको बैठकसम्बन्धी तथा अन्य आन्तरिक कार्यविधि तोकिएबमोजिम हुनेछ।

३४. प्रेस काउन्सिलको काम, कर्तव्य र अधिकारः प्रेस काउन्सिलको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः—

(क) राष्ट्रिय दृष्टिकोण एवं राष्ट्रिय हितलाई ध्यानमा राखी देश, नरेश र दलविहीन पञ्चायत व्यवस्थाप्रति पूर्ण आस्थावान हुने पत्रकारिताको विकासको लागि वातावरणको श्रृजना गर्ने,

(ख) पत्रपत्रिका र श्री ५ को सरकारको बीचको सम्बन्ध सौहार्दपूर्ण र सहयोगात्मक बनाउने,

(ग) स्वस्थ एवं स्वच्छ पत्रकारिताको विकास गरी पत्रपत्रिकालाई हुर्काउन आवश्यक स्वस्थ वातावरणको श्रृजना गर्ने,

(घ) पत्रपत्रिकाकोविकासको लागि आवश्यक सुझाव तयार गरी श्री ५ को सरकारमा पेश गर्ने,

(ङ) पत्रपत्रिका सम्बन्धी नीतिमा परिवर्तन गर्नु परेमा श्री ५ को सरकारलाई सुझाव एवं सल्लाह दिने,

(च) पत्रकारिता एवं पत्रकारवर्गको हितमा सञ्चालन गरिने कुनै पनि कार्यक्रममा मागेको राय सल्लाह एवं सुझावको रूपमा मसौदा तयार पारी श्री ५ को सरकारमा पेश गर्ने,

(छ) पत्रपत्रिकाको स्तर, आकार, प्रकार आदिको विवरण तथा सो सम्बन्धमा गर्नु पर्ने सुधारबारे श्री ५ को सरकारलाई सुझाव दिने,

४१८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) श्री ५ को सरकारलाई प्राप्त हुने पत्रकारिताको छात्रबृत्तिमा अध्ययन गर्न पठाइने उम्मेदवारहरूको योग्यता तोक्ने विषयमा श्री ५ को सरकारलाई सुझाव दिने,

(झ) प्रचलित पत्रपत्रिकाको गतिविधि एवं वस्तुस्थितिबारे अध्ययन र मूल्याङ्कन गरी समय समयमा श्री ५ को सरकारलाई रायसहित सुझाव दिने,

(ञ) दफा ३५ बमोजिम प्रमाणपत्र दिने वा नदिने कुराको सिफारिश गर्ने,

(ट) छापाखाना र प्रकाशनसम्बन्धी आचार संहिता जारी गर्ने,

तर त्यस्तो आचार संहिता श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

(ठ) कुनै पत्रकारले खण्ड (ट) बमोजिमको आचार संहिता उल्लङ्घन गरेमा निजले दफा ३५ बमोजिम पाएको प्रमाणपत्र निलम्बन गर्न वा खारेज गर्न श्री ५ को सरकारलाई सिफारिश गर्ने,

(ड) नेपालबाट प्रकाशित हुने पत्रपत्रिकाहरूको वितरण संख्या निश्चित गरी श्री ५ को सरकारलाई त्यसको जानकारी दिने, र

(ढ) सार्वजनिक सञ्चार एवं पत्रकारिता विषयक गोष्ठी आयोजना गर्ने ।

## परिच्छेद–७

## विविध

३५. प्रेसप्रतिनिधिसम्बन्धी व्यवस्थाः (१) कुनै विदेशी वा नेपाली पत्रपत्रिका वा रेडियो वा टेलिभिजन वा फिचर समिति वा प्रेस फोटो सर्भिस वा समाचार समितिको प्रतिनिधि भई वा फ्रिल्यान्स पत्रकारको रूपमा नेपाल अधिराज्यभित्र काम गर्न चाहने विदेशी वा नेपाली नागरिकले श्री ५ को सरकारबाट प्रमाणपत्र लिएर मात्र काम गर्न पाउनेछ ।

तर–

(क) विदेशी पत्रपत्रिका वा रेडियो वा टेलिभिजन वा फिचर समिति वा प्रेस फोटो सर्भिस वा समाचार समितिले नेपाल अधिराज्यमा आफ्नो प्रतिनिधि नियुक्त गर्दा यथासंभव नेपाली नागरिकलाई प्राथमिकता दिनु पर्नेछ ।

(ख) विदेशी मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा शासनाध्यक्ष वा अन्य उच्चस्तरीय प्रतिनिधिमण्डल नेपाल भ्रमणमा आउँदा त्यस भ्रमणको साथमा आउने पत्रकारहरूलाई यस्तो प्रमाणपत्र लिन नपर्ने गरी श्री ५ को सरकारले छूट दिन सक्नेछ ।

४१६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र दिंदा श्री ५ को सरकारले प्रेस काउन्सिलको सिफारिशमा मात्र दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रमाणपत्र प्राप्त नगरी त्यस्तो कुनै प्रतिनिधिले काम गरेमा श्री ५ को सरकारले बढीमा छ हजार रूपैयाँसम्म जरीवाना वा छ महीनासम्म कैद वा दुवै र विदेशी नागरिक भए देशबाट निष्काशनसमेत गर्न सक्नेछ ।

(४) यस दफाबमोजिम श्री ५ को सरकारबाट दिइने प्रमाणपत्रको अवधि, ढाँचा, दस्तूर र नवीकरण दस्तूर तोकिएबमोजिम हुनेछ ।

३६. श्री ५ को सरकार वादी हुने: यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ ।

३७. अधिकार सुम्पन सक्ने: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस ऐन अन्तर्गत आफूले पाएको दफा १३ को उपदफा (२) र (३) बमोजिमको अधिकार बाहेक अन्य कुनै वा सबै अधिकार कुनै पदाधिकारीले प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ ।

३८. नियम बनाउने अधिकार: यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

३९. यसै ऐनबमोजिम हुने: यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम हुनेछ र अरुमा प्रचलित कानूनबमोजिम हुनेछ ।

४०. खारेजी: छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ तथा छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३२ खारेज गरिएको छ ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मिति:– २०३९।८।६।१

820

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।